सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३१९ ♦ २०८३ साल साउन २४ आइतवार ♦ 9 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# ढल्केवर ट्रमा सेन्टर निर्माणको माग गर्दै सांसद तथा जनप्रतिनिधिसमेत सडकमा उत्रिए

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, ढल्केवर**

धनुषाको ढल्केवरमा प्रस्तावित ट्रमा सेन्टर निर्माणको माग गर्दै भइरहेको आन्दोलनमा शनिबार सांसद तथा जनप्रतिनिधिसमेत सडकमा उत्रिएका छन् ।

ढल्केवरका लागि अघि बढिसकेको ट्रमा सेन्टरको योजना अन्यत्र सार्न खोजिएको भन्दै स्थानीयले थालेको आन्दोलनमा जनप्रतिनिधिले ऐक्यबद्धता जनाउँदै विरोध प्रदर्शनमा सहभागी भएका हुन् ।




स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताले गत मंगलबार प्रतिनिधिसभाको बैठकमा मधेश प्रदेशमा ट्रमा सेन्टर लहानमा निर्माण हुने बताएपछि ढल्केवरमा स्थानीयको आन्दोलन चर्किएको हो । ढल्केवरमै ट्रमा सेन्टर निर्माण गर्ने गरी प्रक्रिया अघि बढिसकेको अवस्थामा योजना अन्यत्र सार्न खोजिएको स्थानीयको आरोप छ ।

मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोको नेतृत्वमा गठित 'ढल्केवर ट्रमा सेन्टर संरक्षण सङ्घर्ष समिति'ले बिहीबार धनुषाका प्रमुख जिल्ला अधिकारी मार्फत सरकारलाई ज्ञापनपत्र बुझाएर आन्दोलन सुरु गरेको थियो । आन्दोलनको तेस्रो दिन शनिबार निकालिएको विरोध र्‍यालीमा प्रतिनिधिसभा सदस्य डा. चन्द्रमोहन यादव तथा प्रदेशसभा सदस्यहरू हरिनारायण महतो, शेषनारायण यादव र कुमरकान्त झा सहभागी भएका थिए ।

त्यस्तै मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतो र उपप्रमुख सुनिता सिंह बुढाथोकीसहित स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो । प्रदर्शनकारीले ढल्केवरमै ट्रमा सेन्टर निर्माण हुनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए । प्रदर्शनका क्रममा स्वास्थ्यमन्त्री मेहताको राजीनामा समेत माग गरिएको थियो ।

विरोध र्‍यालीलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य डा. चन्द्रमोहन यादवले ढल्केवरमा ट्रमा सेन्टर निर्माणको मागलाई संसद्मा सशक्त रूपमा उठाउने प्रतिबद्धता जनाउनुभयो । स्थानीयको माग सम्बोधन नभएसम्म शान्तिपूर्ण आन्दोलनलाई निरन्तरता दिनुपर्ने उहाँको भनाइ थियो ।

प्रदेशसभा सदस्य हरिनारायण महतोले ढल्केवरमा ट्रमा सेन्टर निर्माणका लागि यसअघि अघि बढाइएको प्रक्रियालाई निरन्तरता दिन सरकारसँग आग्रह गर्नुभयो । स्थानीयको मागलाई बेवास्ता गरेर योजना अन्यत्र सार्ने प्रयास गरिए आन्दोलन थप सशक्त बनाउने चेतावनी उहाँले दिनुभयो ।

प्रदेशसभा सदस्य कुमरकान्त झाले ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्ने विषयमा कुनै प्रकारको फेरबदल नगर्न सरकारलाई आग्रह गर्नुभयो । उहाँले माग सम्बोधन नभए प्रदेशसभामा समेत यस विषयलाई सशक्त रूपमा उठाउने बताउनुभयो ।

*बाँकी पृष्ठ ३ मा*

# रासायनिक मलको वितरण तीव्र

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, बर्दिवास**

धान रोपाइँ अन्तिम चरणमा पुगेका बेला धनुषा र महोत्तरीमा रासायनिक मलको वितरण पुनः तीव्र पारिएको छ । कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामले नियमित कोटाअन्तर्गत दोस्रो चरणको डिएपी र युरिया मल वितरण सुरु गरेको हो ।

मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको साउन ११ गतेको निर्णयअनुसार धनुषाका लागि ९७९ मेट्रिक टन डिएपी र ९२६ मेट्रिक टन युरिया तथा महोत्तरीका लागि ९३१ मेट्रिक टन डिएपी र ८८० मेट्रिक टन युरिया वितरण गर्न लागिएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिए ।




उनका अनुसार वीरगञ्जस्थित कम्पनीको प्रादेशिक कार्यालयबाट मल ढुवानी भएसँगै स्थानीय तहको सिफारिसका आधारमा जिल्लाका सहकारी तथा विक्रेतामार्फत मल वितरण भइरहेको छ ।

केही समयदेखि देखिएको रासायनिक मलको अभावसमेत पछिल्लो समय क्रमशः हट्दै गएको कम्पनीले जनाएको छ । साउनको दोस्रो सातामा थप डिएपी र युरिया प्राप्त भएपछि किसानलाई मल उपलब्ध गराउन सहज भएको सूचना अधिकारी साहले बताए ।

उनका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडको जनकपुरधामस्थित गोदाममा हाल करिब २ दशमलव ६ मेट्रिक टन युरिया मौज्दात रहेको छ । प्राप्त भएको मललाई आवश्यकता र स्थानीय तहको सिफारिसका आधारमा वितरण भइरहेको उनले बताए ।

यसैबीच, सुनसरी र सिराहामा भएका घटनापछि स्थानीय प्रशासनले जारी गरेको कर्फ्यु तथा निषेधाज्ञाका कारण केही दिन मल ढुवानी प्रभावित भएको थियो ।

ढुवानी रोकिँदा जिल्लामा मल वितरणमा केही समस्या देखिए पनि पछिल्लो समय अवस्था सामान्य बन्दै गएपछि पुनः नियमित रूपमा मल भित्रिन थालेको कम्पनीले जनाएको छ । धान रोपाइँको अन्तिम चरणमा किसानलाई युरिया र डिएपीको आवश्यकता बढ्ने भएकाले समयमै पर्याप्त मल उपलब्ध गराउन सके उत्पादनमा समेत सकारात्मक प्रभाव पर्ने कृषि क्षेत्रका जानकारहरूको भनाइ छ ।



# महिलामाथि हुने हिंसा अन्त्यको माग गर्दै जनकपुरधाममा कोणसभा

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, जनकपुरधाम**

महिलामाथि हुने हिंसा, विभेद तथा मानवअधिकार उल्लंघन अन्त्यको माग गर्दै मधेस प्रदेशको राजधानी जनकपुर धाममा कोणसभा आयोजना गरिएको छ।

अनुपम अभियान अन्तरपुस्ता महिलावादी मञ्चको आयोजनामा जनकपुरधामस्थित रेल्वे स्टेसनमा शनिबार दिउँसो ३ बजे कोणसभा आयोजना गरि एको हो। कार्यक्रममा महिला अधिकार, सामाजिक न्याय, मानवअधिकार तथा लैङ्गिक समानताको क्षेत्रमा क्रियाशील विभिन्न संघ-संस्था, जनप्रतिनिधि, अधिकारकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा सञ्चारकर्मीसहित ७४ जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा शहीदनगर नगर पालिकाकी उपप्रमुख सुनिता सिंह, हंसपुर नगरपालिकाकी निवर्तमान उपप्रमुख रेणु झा, जनकपुरधाम उपमहानगर पालिकाका कार्यपालिका सदस्य शारदा पन्त, वडा सदस्य गीता देवी यादव, नेपाली कांग्रेसकी महिला नेतृ सम्झना बर्मालगायतको उपस्थिति रहेको थियो।

त्यस्तै, एम्नेष्टी इन्टरनेसनल नेपाल समूह ५७ का संयोजक मनिष झा, समूह ४६ की संयोजक इन्दिरा चौधरी, शान्ति पुनर्स्थापना गृहकी रीना चौधरी, आफन्त नेपालकी अमृता घिमिरे, उज्यालो समाजका अध्यक्ष अमित मिश्र, नीलहिरा समाजका प्रदीप यादव, ग्रिन स्पेसका धिरज साह, दलित महिला संघ (फेडो) की किरण दास, मुक्ति नेपालका विनोद महरा, पिपुल प्रमोट सेन्टरका कमलेश मण्डल, जानकी महिला जागरण समाजकी अध्यक्ष मन्दाकिनी कर्णलगायत सहभागी थिए।

कार्यक्रममा ध्ज्च का सिकिलिया देवी, ओरेकका प्रतिनिधि, थर्ड एलायन्सका अर्जुन साह, प्रेरणा महिला समूहका प्रतिनिधि, महिला अधिकारकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा सञ्चारकर्मीहरूको पनि सहभागिता रहेको थियो।

कोणसभामा महिला तथा बालिकामाथि हुने हिंसा, लैङ्गिक विभेद, सामाजिक असमानता र अधिकारबाट वञ्चितीकरणका विषयमा आवाज उठाउँदै महिलाको सम्मान, सुरक्षा, समान अधिकार र न्याय सुनिश्चित गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको थियो।



कार्यक्रममा ध्ज्च्म का अध्यक्ष उर्मिला यादव, हंसपुर नगर पालिकाकी निवर्तमान उपप्रमुख रेणु झा, जानकी महिला जागर ण समाजकी अध्यक्ष मन्दाकिनी कर्ण, पिपुल प्रमोट सेन्टरका कमलेश मण्डल तथा मित्र धनुषाकी मञ्जु ठाकुरलगायतले महिला अधिकार र सामाजिक न्यायका सवालमा धारणा राखेका थिए।

वक्ताहरूले महिलामाथि हुने हिंसा अन्त्यका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नभई राज्यका निकाय, राजनीतिक दल, नागरिक समाज र समुदायस्तरबाट प्रभावकारी पहल आवश्यक रहेको बताएका थिए। उनीहरूले महिलाको नेतृत्व र सहभागिता बढाउँदै सुरक्षित तथा विभेदरहित समाज निर्माणका लागि सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिए।

कार्यक्रमले महिला अधिकार र लैङ्गिक न्यायका सवालमा अन्तर पुस्ता संवाद, सहकार्य र सामूहिक अभियानलाई थप बल पुग्ने विश्वास आयोजकले व्यक्त गरेको छ।

# पुस्तकालयको इतिहास जोगाउने अभियानमा जुट्यो गुरुकुल

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, बर्दिवास**

गुरुकुलका गोठालोले वि.सं. २०३३ सालमा पर्वतीय पूर्व वटुकद्वारा स्थापित शंकर आदर्श पुस्तकालयको ऐतिहासिक पहिचान जोगाउने अभियानलाई तीव्रता दिएका छन्। यसै अभियानअन्तर्गत मधेश प्रदेश सरकारको सहयोगमा पुस्तकालयको नयाँ भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

पुस्तकालयलाई आधुनिक, व्यवस्थित र सुविधा सम्पन्न बनाउने उद्देश्यले देशभरबाट पुस्तक संकलन अभियान सञ्चालन गरिएको छ। अभियानका क्रममा विभिन्न शिक्षाविद्, प्राध्यापक, लेखक, प्रकाशक तथा शुभेच्छुकहरूले पुस्तक दान गर्दै अभियानलाई सफल बनाउन महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्।

अभियानको सुरुवातमा गुरुकुलका अभिभावक तथा आदरणीय प्राचार्य-प्राध्यापक अच्युतप्रसाद लामिछानेले एक दर्जन पुस्तक प्रदान गर्दै अभियानलाई ऊर्जा दिएका छन्। त्यसैगरी लेखक मोहन पोखेलले आफ्नै लेखनका तथा काष्ठमण्डप प्रकाशनबाट प्रकाशित करिब डेढ दर्जन पुस्तक सहयोग गरेका छन्।

यस अभियानमा विदुर पौडेल तथा वाल्मीकि विद्यापीठको प्रशासनमा कार्यरत टेकनाथ पाण्डेयको योगदान पनि उल्लेखनीय रहेको बताइएको छ। सहप्राध्यापक प्रकाश तिवारीले आठ वटा पुस्तक दान गरेका छन् भने गुरुकुलका गोठालोले ती पुस्तकलाई भावी पुस्तासम्म सुरक्षित राख्ने संकल्प व्यक्त गरेका छन्।

त्यस्तै, पशुपतिका पूर्व भट्ट तथा लेखक डा. विष्णुप्रसाद दाहालले आफूले लेखेका पुस्तकहरू दान गर्नुका साथै आगामी दिनमा समेत आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

पुस्तक संकलन अभियानमा वाल्मीकि विद्यापीठका ज्योतिष विषयका गुरु दीपक घिमिरेको पहलमा अस्मिता प्रकाशनकी निर्देशक प्रतिमा शर्माले करिब १० हजार रुपैयाँ बराबरका कक्षा ११ र १२ का पाठ्यपुस्तक तथा प्रश्नपत्र सङ्गह उपलब्ध गराएकी छन्। निश्वार्थ भावनाले गरिएको उक्त सहयोगप्रति गुरुकुल परिवार ले आभार व्यक्त गर्दै अस्मिता प्रकाशनको निरन्तर प्रगतिको शुभकामना व्यक्त गरेको छ।

**इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं**

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं**

**स्वास्थ्य कार्यालय धनुषा, जनकपुरधाम**

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:**

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य निर्देशनालय सपही**
धनुषा,मधेश प्रदेश

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ढल्केवर ट्रमा ....

मधेश प्रदेश सरकारका पूर्वमन्त्रीसमेत रहनुभएका प्रदेशसभा सदस्य शेषनारायण यादवले ढल्केवरमा ट्रमा सेन्टर निर्माणको मागमा आफ्नो निरन्तर समर्थन रहने बताउनुभयो । सरकारले ढल्केवरमै ट्रमा सेन्टर निर्माण गर्ने स्पष्ट प्रतिबद्धता नजनाएसम्म आन्दोलन जारी राख्नुको विकल्प नरहेको उहाँको भनाइ थियो ।

ढल्केवरमा ट्रमा सेन्टर निर्माणका लागि सङ्घीय सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा पहिलो पटक बजेट विनियोजन गरेको थियो । मिथिला नगरपालिका-७ स्थित साविक ढल्केवर गाविस-२ 'क' को कित्ता नं. १६९ मा रहेको करिब चार बिघा जग्गालाई योजनाका लागि प्रयोग गर्ने गरी प्रक्रिया अघि बढाइएको बताइएको छ ।

मिथिला नगरपालिकाका नगरप्रमुख महतोका अनुसार ट्रमा सेन्टरका लागि आवश्यक जग्गा प्राप्तिको प्रक्रिया पूरा भइसकेको छ । जग्गाको लालपुर्जासमेत तयार भइसकेको अवस्थामा निर्माणको प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो ।

"योजना ढल्केवरमै निर्माण गर्ने गरी बजेट विनियोजनदेखि जग्गा प्राप्तिसम्मको प्रक्रिया अघि बढिसकेको छ," उहाँले भन्नुभयो, "शिलान्यासको तयारी भइरहेका बेला मन्त्रीको अभिव्यक्तिले अन्योल सिर्जना गरेपछि स्थानीय आन्दोलनमा उत्रिन बाध्य भएका हुन् ।"

ढल्केवर पूर्व-पश्चिम राजमार्गसँग जोडिएको तथा महोत्तरी, धनुषा र आसपासका जिल्लाका नागरिकको आवागमन हुने क्षेत्र भएकाले यहाँ ट्रमा सेन्टर आवश्यक रहेको स्थानीयको भनाइ छ । दुर्घटनामा घाइते हुनेको तत्काल उपचारका लागि राजमार्ग आसपासमा ट्रमा सेन्टर स्थापना गर्नुपर्ने माग स्थानीयले गर्दै आएका छन् ।

ट्रमा सेन्टरको विषयमा स्थानीयसँगै सांसद तथा जनप्रतिनिधि पनि प्रत्यक्ष रूपमा आन्दोलनमा सहभागी भएपछि सरकारमाथि राजनीतिक दबाब बढेको छ ।

आन्दोलनकारीले ढल्केवरमा ट्रमा सेन्टर निर्माण गर्ने निर्णय कार्यान्वयनको सुनिश्चितता नभएसम्म आन्दोलन जारी राख्ने बताएका छन् ।

# विपद् गोदामका......



आवश्यकता पर्न सक्छ। यस्ता सामग्री समयमै उपलब्ध नहुँदा प्रभावित नागरिकलाई राहत उपलब्ध गराउन ढिलाइ हुने भएकाले स्थानीय तह र सम्बन्धित निकायले विपद् पूर्वतयारीलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

अनुगमन टोलीले गोदामघरमा रहेका सामग्रीको नियमित निरीक्षण, आवश्यकताअनुसार थप सामग्रीको व्यवस्थापन तथा वितरण प्रणालीलाई चुस्त बनाउनुपर्नेमा समेत जोड दिएको थियो। विपद्को समयमा कुन निकायले कुन सामग्री कहाँ र कसरी परिचालन गर्ने भन्ने विषयमा स्पष्ट समन्वय र कार्ययोजना आवश्यक रहेको टोलीको भनाइ थियो।

स्थानीय तह, सुरक्षा निकाय, सरकारी कार्यालय तथा विकास साझेदार संस्थाबीच प्रभावकारी समन्वय भएमा विपद् पूर्वतयारी र प्रतिकार्यलाई थप व्यवस्थित बनाउन सकिने अपेक्षा गरिएको छ। गोदामघरलाई जिल्लाको विपद् प्रतिकार्य प्रणालीसँग प्रभावकारी रूपमा जोडेर आवश्यकताअनुसार सामग्री तत्काल परिचालन गर्न सक्ने अवस्थामा राख्नुपर्नेमा पनि जोड दिइएको छ।

मधेश प्रदेशमा बाढी, डुबान र आगलागीको जोखिमसँगै अन्य प्राकृतिक तथा गैरप्राकृतिक विपद्को सम्भावना रहेकाले स्थानीय तहमा विपद् पूर्व तयारी, राहत सामग्रीको भण्डारण र उद्धार क्षमतालाई निरन्तर सुदृढ गर्नुपर्ने आवश्यकता रहेको सरोकारवालाले बताएका छन्।

# फरक क्षमता भएका व्यक्तिलाई सम्मान र प्रोत्साहन आवश्यक : विमलेन्द्र निधी

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, जनकपुरधाम**

नेपाली कांग्रेसका केन्द्रीय नेता विमलेन्द्र निधीले अपांगता भएका व्यक्तिलाई दयाको दृष्टिकोणले नभई सम्मान र समान अवसरका साथ हेर्नुपर्ने बताएका छन्।

शनिबार जनकपुरधाममा आयोजित अपांग तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा सम्बोधन गर्दै नेता निधीले अहिलेको समयमा अपांगता भएका व्यक्तिलाई 'फरक क्षमता भएका व्यक्ति' भनेर सम्बोधन गर्ने गरिएको बताए। उनीहरूले कतिपय अवस्थामा कृत्रिम बौद्धिकता (एआई) भन्दा पनि तीक्ष्ण रूपमा सोच्न र काम गर्न सक्ने क्षमता राख्ने गरेको उनको भनाइ थियो।

निधीले अपांगता भएका व्यक्तिलाई हेला नगरी उनीहरूमा रहेको क्षमता प्रस्फुटन हुने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए। उनले भने, "सम्मानको दृष्टिकोण मात्र होइन, व्यवहारमै सम्मान गर्नुपर्छ। उनीहरूलाई आफूमा गर्व गर्न सक्ने काम गर्न उत्प्रेरित गर्नुपर्छ।"

नेपालको संसदमा दुवै आँखा नदेख्ने सांसदसमेत रहेको उदाहरण दिँदै निधीले शारीरिक अवस्थाले व्यक्तिको क्षमता निर्धारण नगर्ने बताए। दृष्टिविहीन भए पनि ती सांसदले संसदमा गर्व गर्न लायक ढंगले आफ्ना विचार प्रस्तुत गर्दै आएको उनको भनाइ थियो।

कार्यक्रममा निधीले पार्टीका आन्तरिक छलफल तथा राजनीतिक गतिविधिका कारण व्यस्त समय रहे पनि आफूलाई कार्यक्रममा सहभागी हुन प्रेरित गरेको भन्दै जनकपुरधाम उपमहानगरपालिका-४ का वडाध्यक्ष सुरेश झाप्रति आभार व्यक्त गरे।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ को आयोजनामा तथा वडाध्यक्ष सुरेश झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई सल र सम्मानपत्र प्रदान गरी सम्मान गरिएको थियो


**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- ❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- ❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- ❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- ❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- ❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- ❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- ❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- ❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**



# विपद् गोदामको व्यवस्थापन प्रभावकारी बनाउन अनुगमन

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन २३ गते, बर्दिवास**

महोत्तरीको बर्दिवासस्थित विपद् गोदामघरको शनिबार सरकारी निकाय तथा विकास साझेदार संस्थाका प्रतिनिधिसहितको संयुक्त टोलीले अनुगमन तथा निरीक्षण गरेको छ। विपद्का बेला प्रभावित नागरिकलाई तत्काल राहत तथा उद्धार सामग्री उपलब्ध गराउन गोदामघरमा भण्डारण गरिएका सामग्रीको अवस्था र व्यवस्थापनबारे जानकारी लिन अनुगमन गरिएको हो।

गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, बर्दिवास नगरपालिका र सेभ द चिल्ड्रेनका प्रतिनिधिसहितको टोलीले गोदामघरमा रहेका राहत तथा उद्धार सामग्रीको मौज्दात, सुरक्षित भण्डारण र आवश्यक पर्दा तत्काल परिचालन गर्न सकिने अवस्थाबारे जानकारी लिएको थियो।

अनुगमनका क्रममा गोदामघरमा भण्डारण गरिएका सामग्रीको प्रयोगयोग्यता, सुरक्षित राख्ने व्यवस्था, सामग्रीको अभिलेख तथा विपद्को समयमा तत्काल वितरण गर्न सकिने अवस्थाबारे निरीक्षण गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो। सो क्रममा टोलीले विपद् व्यवस्थापनका लागि आवश्यक सामग्री पर्याप्त मात्रामा उपलब्ध राख्नुका साथै तिनको नियमित निगरानी र अद्यावधिक अभिलेख आवश्यक रहेको जनाएको छ।

विपद् भएपछि राहत सामग्री जुटाउनेभन्दा विपद् आउनुअघि नै आवश्यक सामग्रीको पहिचान, भण्डारण र परिचालनको तयारी गर्नुपर्ने भएकाले गोदामघरको व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्नेमा टोलीले जोड दिएको थियो।

महोत्तरीमा बाढी, डुबान, आगलागी, चट्याङ, शीतलहर लगायतका विपद्का घटना हुने गरेका छन्। विशेष गरी वर्षायाममा बाढी तथा डुबानबाट जिल्लाका विभिन्न क्षेत्र प्रभावित हुने भएकाले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउन आवश्यक सामग्री पूर्वतयारी अवस्थामा राख्नुपर्ने आवश्यकता छ।



विपद्का समयमा खाना, पानी, त्रिपाल, कम्बल, भाँडाकुँडा, सरसफाइका सामग्री तथा उद्धारमा प्रयोग हुने उपकरणलगायतका सामग्रीको तत्काल

*बाँकी पृष्ठ ३ मा*

# मधेशमा दङ्गाका कारण स्थगित त्रिविको एमबीएस परीक्षा भदौ १५ मा हुने

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, बर्दिवास**

मधेश प्रदेशमा उत्पन्न दङ्गाजन्य परिस्थितिका कारण स्थगित भएको त्रिभुवन विश्वविद्यालय (त्रिवि) व्यवस्थापन सङ्कायअन्तर्गत स्नातकोत्तर तह (एमबीएस) प्रथम सत्रको परीक्षा भदौ १५ गते हुने भएको छ।

त्रिवि व्यवस्थापन सङ्काय डीनको कार्यालयले एक जरुरी सूचना जारी गर्दै साउन १५ गतेका लागि निर्धारित 'मास्टर अफ बिजनेस स्टडिज' प्रथम सत्रको बजार व्यवस्थापन विषयको स्थगित परीक्षा भदौ १५ गते बिहान ११:३० बजे सञ्चालन गरिने जनाएको छ।

मधेश प्रदेशका विभिन्न जिल्लामा सिर्जित अशान्त परिस्थितिका कारण केही केन्द्रहरूमा साउन १५ गते परीक्षा सञ्चालन हुन सकेको थिएन। डीनको कार्यालयका अनुसार अब परीक्षा पूर्वनिर्धारित ११ वटै परीक्षा केन्द्रमा नै सञ्चालन हुनेछ।


**भू-संरक्षणमा ध्यान दिऔं**

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

**मिथिला नगरपालिका, धनुषा**

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,